मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# अपिल

केही दिनयता भोजपुर, तेह्रथुम, सुनसरी, मोरङ लगायत कोशी प्रदेशका विभिन्न स्थानमा आगलागीको घटनाबाट भएको धनजनको क्षतिले स्तब्ध बनाएको छ । घटनाबाट भोजपुरमा ७ वर्षीया दीपशिखा कार्की, ५ वर्षीय प्रनिष कार्की र ३ वर्षीय दियुनिष कार्कीको मृत्युका साथै प्रदेशभरका घटनामा करोडौंको क्षतिले कोशी प्रदेश सरकार दुखित छ । सर्वप्रथम मृतक बालबालिकाप्रति श्रद्धासुमन अर्पणका साथ शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै राहतका लागि प्रदेश सरकारले प्रकृया अगाडि बढाएको जानकारी गराउँदछु ।

यो समय हावाहुरीका साथै आगलागीको घटना बढी हुन सक्ने समय पनि भएकाले आगोबाट विशेष सावधानी अपनाउनका लागि अपिल गर्दछु । वनजंगलमा डढेलो लगाउने कार्य नगर्न, स-साना वाल बालिका नजिक आगलागीजन्य वस्तुका साथै प्रज्वलनशील पदार्थ नराख्न, आगोको काम सकिएपछि पूर्णरुपमा निभाउन, ग्यास तथा विद्युतीय सामग्रीहरु सावधानीपूर्वक प्रयोग गरी यस्ता घटना न्यूनीकरण गर्न सकिन्छ । विपद्को घटना हुनासाथ नजिकको प्रहरी कार्यालयको कन्ट्रोल १०० र दमकल सेवाका लागि १०१ मा जानकारी गराई जिम्मेवार नागरिकको कर्तव्य निभाउनका लागि अनुरोध गर्दछु ।

कोशी प्रदेश सरकारले विपदबाट नागरिकलाई जोगाउने काम गरिरहेको स्मरण गराउँदछु । जस अन्तरगत यसै प्रदेशस्थित सुनसरीको इटहरीमा आगलागीमा घाइते भएकाहरुको उपचारका लागि काठमाडौं बाहिरकै पहिलो जलन अस्पताल निर्माणका लागि जनस्वास्थ्य ट्रष्टसँग सम्झौता भइसकेको अवस्था छ । आगामी वर्षबाटै हामी उपचार सेवा सुरु गर्नुका साथ बिमाको अवधारणा अगाडि सारेर राहतलाई प्रभावकारी बनाउने काममा जुटेको जानकारी गराउँदै अहिलेको आगलागीको समयमा विशेष सजगता अपनाई समुदायस्तरमा जनचेतना प्रबाहका लागि आम कोशी प्रदेशवासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीमा अपिल गर्दछु ।

मिति : २०८०/१२/०४ आइतबार ।
नेपाल संवत्: ११४४ चिल्लाथ्व अष्टमी ।

केदार कार्की
मुख्यमन्त्री